# प्रतिभा सुपर लिग क्रिकेट : उपाधिका लागि आयोजक र मदरल्याण्ड भिड्ने

**ढोरपाटन संवाददाता**
पोखरा, २४ माघ

प्रतिभा सुपर लिग क्रिकेटको उपाधिका लागि आयोजक प्रतिभा मावि र मदरल्याण्ड सेकेण्डरी भिड्ने भएका छन् । प्रतिभा मावि पोखरा-३ नदीपुरको आयोजनामा पोखरा रंगशालामा भइरहेको प्रतिोगिता अन्तर्गत शनिबार भएको सेमीफाइनल खेलमा आयोजक प्रतिभा माविले बाल मन्दिर मावि र मदरल्याण्ड सेकेण्डरीले छोरेपाटन माविलाई पराजित गर्दै फाईनल यात्रा तय गरेका हुन् । प्रतियोगिताको उपाधि भिडन्त आईतबार पूर्वाह्न १० बजे हुने आयोजक प्रतिभा माविका प्राचार्य किरण सापकोटाले जानकारी दिए ।




प्रतियोगिता अन्तर्गत शनिबार भएको पहिलो सेमीफाइनल खेलमा मदरल्याण्ड सेकेण्डरीले छोरेपाटन माविलाई २ विकेटले पराजित गर्दै फाईनल यात्रा सुरक्षित गर्‍यो । टस जितेर पहिले व्याटिङ गर्ने निर्णय गरेको छोरेपाटन माविले निर्धारित २० ओभरमा ८ विकेटको क्षेतीमा ९५ रनको योगफल तयार गर्‍यो । छोरेपाटन माविका लागि सोहन आचार्यले ३२ बलमा ३१ रन, उज्वल पौडेलले ३८ बलमा २१ र अनिष थापाले १२ बलमा १३ रनको योगदान दिए । छोरेपाटनलाई दवाबमा राख्न मदरल्याण्डका सद्रीस पौडेलले ३ ओभरमा १३ रन खर्चेर ३ विकेट, भुवनबहादुर भण्डारीले ४ ओभरमा १४ रन खर्चेर २ विकेट तथा गौरव भण्डारीले ३ ओभरमा २२ रन खर्चेर १ विकेट लिए ।

९६ रनको मध्यम लक्ष्य पछ्याउँदै जवाफी व्याटिङमा उत्रिएको मदरल्याण्डले १९.२ ओभरमा ८ विकेट गुमाएर लक्ष्य भेट्टाउँदै फाइनल यात्रा सुनिश्चित गर्‍यो । मदरल्याण्डका लागि विलोभ मल्लले २६ बलमा १६ रन, भुवनबहादुर भण्डारीले १४ बलमा १४ रन र अनुराज भण्डारीले १६ बलमा ११ रनको योगदान दिए । छोरेपाटनका किस्मत पौडेलले ४ ओभरमा १२ रन खर्चेर ३ विकेट, समर्पण लामिछानेले ४ ओभरमा १ मेडनसहित १४ रन खर्चेर ३ विकेट तथा अनिष थापाले ४ ओभरमा २३ रन खर्चेर २ विकेट लिए पनि जितका लागि पर्याप्त भएन ।

खेलमा बिजयी विद्यालय मदरल्याण्डका सद्रीष पौडेल प्लेयर अफ द म्याच घोषित भए ।

शनिबार नै भएको दोस्रो सेमीफाइनल खेलमा आयोजक प्रतिभा माविले बाल मन्दिर माविलाई ७१ रनको फराकिलो अन्तरले पराजित गर्दै फाइनल यात्रा सुनिश्चित गर्‍यो । बाल मन्दिरले टस जितेर फिल्डिङ गर्ने निर्णय लिएपछि पहिले व्याटिङ गरेको प्रतिभाले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १५९ रनको विशाल योगफल तयार गर्‍यो । विशाल योगफल तयार गर्न प्रतिभाका खेलाडीहरु सफल श्रेष्ठले ४५ बलमा ५७ रनको अर्धसतकीय पारी खेले । त्यस्तै, मिसन विकले २३ बलमा २५ रन, सौगात लामिछानेले ४ बलमा १५ रनको योगदान दिए । प्रतिभालाई दवाबमा राख्ने क्रममा बाल मन्दिरका राम ढुंगानाले ४ ओभर बलिङ गर्दै २९ रन खर्चेर २ विकेट, ४ ओभर नै बलिङ गरेका सुमन अधिकारीले १ मेडनसहित ३२ रन खर्चेर २ विकेट र अभिषेक क्षेत्रीले ४ ओभर बलिङ गर्दै २४ रन खर्चेर १ विकेट लिए ।

१६० रनको चुनौतिपूर्ण लक्ष्य पछ्याउँदै जवाफी व्याटिङमा उत्रिएको बाल मन्दिर मावि २० ओभर पूरै खेल्दै ९ विकेट गुमाएर केवल ८८ रनमा समेटिएपछि सेमीफाइनलबाटै प्रतियोगिताबाट बाहिरियो । बाल मन्दिरका लागि सुरज अधिकारीले २२ बलमा २० रन, सुमन अधिकारीले २८ बलमा १७ रन र श्रीनिवास कठायतले ३० बल सामना गर्दै १३ रन बनाउनुबाहेक अन्यले दोहोरो अंकमा रन जोड्न सकेनन् । प्रतिभा माविका बलरहरु सफल श्रेष्ठले ३ ओभर बलिङ गर्दै १६ रन खर्चेर ५ विकेट, पुरन गुरुङले १ ओभर बलिङ गर्दै ४ रन खर्चेर २ विकेट तथा निश्चल दाहालले ४ ओभर बलिङ गर्दै १२ रन खर्चेर २ विकेट लिदै बाल मन्दिरको व्याटिङ अर्डर ध्वस्त पारेका थिए ।

खेलमा प्रतिभा माविका लागि ५७ रन बनाउनुका साथै ५ विकेट लिएका सफल श्रेष्ठ प्लेयर अफ द म्याच घोषित भए ।

## कास्की प्रहरीको मतदान केन्द्र नमुना अभ्यास

**पोखरा**/आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन लक्षित गर्दै जिल्ला प्रहरी कार्यालय कास्कीले मतदान केन्द्र नमुना अभ्यास गरेको छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित एवम् भयरहित बनाउनका लागि मतदान केन्द्र नमुना अभ्यास आयोजना गरिएको हो । कास्की प्रहरीले प्रहरी कर्मचारी तथा निर्वाचन प्रहरी लक्षित गर्दै उक्त अभ्यास गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका एसपी नविन कार्कीले जानकारी दिए । 'हामीले हाम्रो मातहतका सबै प्रहरी कार्यालयमा यो अभ्यास गराएका छौं । कास्की जिल्ला भर हाम्रो ७७ युनिट छन ति युनिटमा समेत पुन: यो अभ्यास कार्यक्रम हुनेछ । निर्वाचनको क्रममा ड्युटिमा खटिदाँ आफ्नो काम के हो त्यो अन्योलमा नपरोस् भनेर यसो गरिएको हो' उनले भने, 'निर्वाचनका लागि हाम्रो तयारी भव्य भइरहेको छ । शान्तिपूर्ण निर्वाचन गराउनु सबैको दायित्व हो । अहिले निर्वाचन प्रहरीका लागि प्रशिक्षण समेत चलिरहेको छ ।' उक्त अभ्यास वडा प्रहरी कार्यालय बगर, बैदाम, रामबजार, इलाका प्रहरी कार्यालय डाडाको नाकलगयतमा सञ्चालन गरिएको छ । निर्वाचन प्रहरीहरुलाई निर्वाचन सुरक्षा व्यवस्था, नमुना मतदान स्थलको निर्माण, अवलोकन तथा मतदान प्रकृया सम्बन्धी अभ्यास गराईएको उनले बताए ।

## रहेनन् अभिनेता थापा



**पोखरा**/वरिष्ठ अभिनेता सुनिल थापाको निधन भएको छ । शनिबार बिहान उपचारका क्रममा उनको निधन भएको हो । बिहान स्वास्थ्यमा समस्या आएपछि थापालाई थापाथलीस्थित नर्भीक अस्पताल लगिएको थियो । ६८ वर्षको उमेरमा भएको थापाको निधनले नेपाली र भारतीय चलचित्र तथा सिरिज क्षेत्रमा ठूलो क्षति पुगेको छ । उनको अभिनय यात्रा घरेलु फिल्ममा मात्र सीमित थिएन, नेपालीसँगै उनले भारतीय फिल्म र श्रृङ्खला जगतमा समेत आफ्नो दमदार अभिनयमार्फत दर्शकको मन जितेका थिए । १९ मे १९५७ मा जन्मिएका थापाले ४ दशकभन्दा बढी समयसम्म अभिनय, मोडलिङ, खेलकुद र फिल्म उद्योगका विविध पक्षमा योगदान दिए ।

## डायमण्डको वार्षिकोत्सव

**पोखरा**/पोखरा-२७, तालचोकमा रहेको डायमण्ड सेकेण्डरी स्कूलले ३८ औं वार्षिकोत्सवको उपलक्ष्यमा पठन महोत्सव सम्पन्न गरेको छ । 'आज पढ,भोलि नेतृत्व' गर भन्ने नारासहित आयोजित ३ दिने कार्यक्रममा पठन महोत्सवको अलावा फुड फेस्टिभल,खेलकुद तथा सांस्कृतिक कार्यक्रम समेटिएको छ । वार्षिकोत्सव कार्यक्रमअन्तर्गत नै विभिन्न विधामा विजयी विद्यार्थीहरुलाई पुरस्कारसमेत वितरण गरिएको कार्यक्रम संयोजक अर्जुन अधिकारीले जानकारी दिए ।


# RUPA RURAL MUNICIPALITY

## OFFICE OF RURAL MUNICIPAL EXECUTIVE

**Rupakot, Kaski**
**Gandaki Province, Nepal**

रुपा गाउँपालिका
कास्की, गण्डकी प्रदेश

## Invitation for Bids

**Date of publication: 2082/10/25 (8th Feb. 2026)**

1. **Rupa Rural Municipality, Office of Rural Municipal Executive,** Rupakot, Kaski invites **online bids** under e-procurement system from eligible bidders for the Supply of Goods as mentioned below;

| IFB No. | Contract ID No. | Description and Location of Work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimated Value of Work (Without VAT) (NRs) | Bid Security Validity Period (days from the date of bid opening) |
|---|---|---|---|---|---|---|
| 7/RUPA/ 2082/2083 | 7/RUPA/NCB/ GOODS/2082/2083 | Procurement, Supply and Delivery of Bee Hives with Colony and Beekeeping Accessories at Rupa Rural Municipality. | 3,000.00 | 1,00,000.00 | 37,25,075/- | 120 days |

**2. Purchase, Submission and Opening:**

| Contract No. | Pre-Bid Meeting | | Last Date of Bid Purchase | | Bid Submission | | Last Date of Bid Opening | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For NCB contract | 2025-02-26 | 13:00 | 2025-03-10 | 12:00 | 2025-03-10 | 12:00 | 2025-03-10 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account | | Deposit Account No. | |
|---|---|---|---|---|---|
| | | Name | Number | Name | Number |
| Laxmi Sunrise Bank Ltd. | Rupa Rural Municipality, Rupakot, Kaski | Ga 1.1 Aantarik Rajashwo Khata Rupa (Revenue Code No. 14229) | 0720518864703003 | Ga-3-1 Dharauti Rupa | 0720518908703001 |

3. Tender Procedures shall follow Public Procurement Act-2063 (with 1st Amendment), Public Procurement Regulation-2064 (with 14th Amendment) and Public Procurement Regulation of Rupa Rural Municipality-2081.
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website ***http://bolpatra.gov.np/egp,*** as specified in the Bidding datasheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for NCB contract shall not be accepted.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. Bidders shall deposit the Bid Document Fee on the respective Bank A/C including name of Firm and Contract ID in bank deposit slip. Bidders can also deposit the Bid Document Fee on the Account Section of Rupa Rural Municipality Office located at Rupakot, Kaski. In that such case. Bidders shall upload the revenue receipt instead of bank voucher.
7. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

**Chief Administrative Officer**


ढोरपाटन सञ्चार प्रा.लि.द्वारा प्रकाशित, **प्रधान सम्पादक:** हरिनारायण गौतम, **कार्यकारी सम्पादक** : रामकृष्ण बोहरा, **प्रधान कार्यालय** : बा.-२, बागलुङ, **पोखरा कार्यालय:** सिर्जनाचोक-८, कास्की, Email: dailydhorpatan@gmail .com फोन : ०६८-५२०३८३, ०६१-५७८९०५ **मुद्रण :** हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा